राष्ट्रिय स्वतन्त्र पार्टी

## प्रतिनिधि सभा सदस्य निर्वाचन
## “पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली”का लागि

# उम्मेदवार छनोट विधि

२०८२ श्रावण

# प्रस्तावना

राष्ट्रिय स्वतन्त्र पार्टीको विधानको भाग १९ अन्तर्गत रहेको लिडरशिप एकेडेमी र उम्मेदवार क्लब तथा भाग २० मा उल्लेख गरिएको प्रारम्भिक निर्वाचन (उम्मेदवार छनोट) र निर्वाचित जनप्रतिनिधि सम्बन्धी खण्डको मूल मर्म आत्मसात् गर्दै पार्टीले राज्यका विभिन्न तहका निर्वाचनमा उम्मेदवार छनोट गर्ने उद्देश्यले यो विधि तयार गरेको हो । राज्य सञ्चालनका लागि आवश्यक सबै तहका निर्वाचनमा उम्मेदवार छनोट प्रक्रिया लोकतान्त्रिक, वैज्ञानिक, पारदर्शी, समयसापेक्ष तथा वस्तुनिष्ठ हुनुपर्छ भन्ने मान्यताअनुरूप पार्टीले यो विधि अङ्गीकार गरेको हो । यस्तो विधिबाट मात्र देश र जनताप्रति प्रतिवद्ध, योग्य र सक्षम उम्मेदवार चयन हुन सक्ने पार्टीको विश्वास छ ।

यस उम्मेदवार छनोट विधिको मूल उद्देश्य पार्टीका मूल्य-मान्यता, सिद्धान्त र आदर्शलाई केन्द्रमा राखी सम्बन्धित निर्वाचन क्षेत्रको जनअपेक्षा र राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्न सक्ने नेतृत्वदायी क्षमता भएका उम्मेदवारहरूको पहिचान, छनोट र सिफारिस गर्ने हो । यसबाट पार्टीभित्रको आन्तरिक लोकतन्त्र बलियो बन्ने, निर्वाचनमा पार्टीको प्रतिस्पर्धात्मकता र प्रभावकारिता बढ्ने तथा जनविश्वास अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

## उम्मेदवारको योग्यता

पार्टी विधानको भाग २० को खण्ड ६४ ले उम्मेदवारको योग्यताबारे स्पष्ट व्यवस्था गरेको छ । देहायअनुसार योग्यता पुगेका पार्टी सदस्यहरू मात्र पार्टीले बनाएको उम्मेदवार छनोट विधिमार्फत राज्यका कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन योग्य हुनेछन् :

१. प्रचलित कानुनबमोजिम उम्मेदवार हुन योग्य भएको ।

२. पार्टीको केन्द्रीय अनुशासन तथा आचरण समितिमा सम्पत्ति विवरण बुझाएको ।

३. प्रहरी रिपोर्ट पेश गरेको ।

४. भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार(पसार, लागूऔषध कारोबार, निकासी वा पैठारी, सम्पत्ति शुद्धिकरण, अपहरण, हत्या वा अन्य नैतिक पतन देखिने गम्भीर कसुरमा सजाय नपाएको । अन्य फौजदारी कसुरमा सजाय भुक्तान गरेको भए पनि त्यसको अवधि सकिएको कम्तीमा एक वर्ष पूरा भएको ।

५. पार्टीका मूल्य-मान्यता र सिद्धान्तप्रति प्रतिबद्ध ।

६. अन्य कुनै राजनीतिक दलसँग आवद्ध नरहेको ।

## विधि

उम्मेदवारको अन्तिम छनोट कारक मूल्याङ्कन विधि (Factor Rating Method) अनुसार विभिन्न पक्षहरूको वस्तुनिष्ठ मूल्याङ्कनलाई आधार मानेर गरिनेछ । केन्द्रीय समितिले अनुमोदन गरेको विशेष परिस्थिति बाहेक उम्मेदवार छनोटका लागि लिडरशिप एकेडेमीमा उम्मेदवारको वस्तुगत र सफल सहभागिता अनिवार्य हुनेछ ।

## कारक मूल्याङ्कन विधि - मुख्य पक्ष र भाराङ्क

| क्रम | मुख्य पक्ष | भाराङ्क |
|---|---|---|
| १ | लिडरशिप एकेडेमीको नतिजा | २५% |
| २ | पोलिटिकल प्रोक्सिमिटी | २०% |
| ३ | समावेशिता | ५% |
| ४ | प्रारम्भिक निर्वाचन | ५०% |
| | **कुल** | १००% |

## १. लिडरशिप एकेडेमी (२५%)

| पक्ष | विवरण | भाराङ्क |
|---|---|---|
| क. राजनीतिक चेत, विचार (Political Aptitude) | • राजनीतिक विश्लेषण र नीति-निर्माणबारे बुझाइ, व्यवहारमा उतार्ने दक्षता<br>• रास्वपाको मूल्य-मान्यता, दर्शन र सिद्धान्तसँग वैचारिक सामीप्यता | २०% |
| ख. सदाचार र नैतिकता (Integrity & Ethics) | • वैचारिक निष्ठा, असल आचरण, निष्कलंक चरित्र | १०% |
| ग. शिक्षा तथा पेशागत अनुभव (Education & Professional Experience) | • औपचारिक शिक्षा तथा पेशागत अनुभव<br>• विशिष्ट तालिम, अनुसन्धान वा प्रकाशन<br>• राजनीति / सामाजिक सेवामा अनुभव | २०% |
| घ. नेतृत्वदायी अनुभव (Leadership Exprience) | • नेतृत्वदायी जिम्मेवारी निर्वाह गरेको अनुभव<br>• स्रोत साधन व्यवस्थापन क्षमता<br>• नवप्रवर्तन तथा समस्याको सिर्जनात्मक समाधान<br>• समन्वय, सहकार्य र सहमति निर्माण | २०% |
| ङ. भविष्य-दृष्टि (Vision) | • राष्ट्रिय आवश्यकता र निर्वाचन क्षेत्रको जनअपेक्षालाई सम्बोधन गर्ने दीर्घकालीन योजना (ब्लूप्रिन्ट)<br>• योजनाको व्यावहारिकता, कार्यान्वयन-सम्भावना र नवीनता | ३०% |

**नोटः** लिडरशिप एकेडेमी सञ्चालनमा नआएसम्म उक्त पक्षहरूको मूल्याङ्कन पार्टी सचिवालयले गर्नेछ।

## २. पोलिटिकल प्रोक्सिमिटी (२०%)

| पक्ष | विवरण | भाराङ्क |
|---|---|---|
| क. पार्टी प्रोक्सिमिटी (Party Proximity) | • पार्टीसँग आबद्धताको अवधि र निरन्तरता<br>• पार्टी निर्माणमा योगदान<br>• कार्यसम्पादन<br>• निर्वाचन क्षेत्रमा सक्रियता तथा नेतृत्व | ५०% |
| ख. सामाजिक-डेमोग्राफिक प्रोक्सिमिटी (Socio-Demographic Proximity) | • स्थानीय मुद्दा र समस्या बुझाइ तथा क्रियाशीलता<br>• निर्वाचन क्षेत्रको भुगोल, जातिय, भाषिक, सांस्कृतिक समूहको प्रतिनिधित्व<br>• स्थानीय समुदायसंग सम्बन्ध, प्रतिष्ठा र विश्वसनीयता<br>• सामाजिक सद्भाव एवं समावेशितामा भूमिका | २५% |
| ग. लोकतान्त्रिक प्रोक्सिमिटी (Democratic Proximity) | • लोकतान्त्रिक आन्दोलन, नागरिक अधिकार, विकास र सुशासनमा भूमिका<br>• लोकतान्त्रिक मूल्य-विधि पालन, स्वस्थ प्रतिस्पर्धा-संवाद | २५% |

## ३. समावेशिता (५%)

महिला, दलित, आदिवासी/जनजाति, थारु, मुस्लिम, मधेसी, पिछडिएको क्षेत्र तथा अपांगता भएका व्यक्तिहरू उम्मेदवार भएमा

## ४. प्रारम्भिक निर्वाचन (५०%)

| पक्ष | भाराङ्क |
|---|---|
| सम्बन्धित निर्वाचन क्षेत्रका पार्टी सदस्यहरूको मतदान | ८०% |
| निर्वाचन क्षेत्र भित्र मतदाता रहेका पार्टीका तहगत समितिका सदस्यहरुको मतदान | १०% |
| केन्द्रीय समिति सदस्यहरुको मतदान | १०% |

**NOTA:**

**प्रारम्भिक निर्वाचनमा "NOTA (None Of The Above)" विकल्प लागू गरिनेछ। यसले मतदातालाई कुनै पनि उम्मेदवार मन नपरेको अवस्थामा कसैलाई पनि मतदान नगर्ने अधिकार सुनिश्चित गर्नेछ।**

**यदि "NOTA" विकल्पले सबैभन्दा बढी मत पायो भने, अन्य सबै उम्मेदवारहरूको उम्मेदवारी स्वत: खारेज हुनेछ र त्यस क्षेत्रका लागि नयाँ उम्मेदवारहरूको छनोट गरी पुनः मतदान गरिनेछ।**

**नोटः**

**कुल सम्भाव्य उम्मेदवार संख्याको १५% ननाघ्ने गरी उम्मेदवार छनोट वा हेरफेर सम्बन्धी विशेषाधिकार राष्ट्रिय स्वतन्त्र पार्टी केन्द्रीय सचिवालयमा निहित रहनेछ। ***

* (रूपन्देहीको उपनिर्वाचनको हकमा यो बुँदा अप्रासाङ्गिक भएकाले उपनिर्वाचन पश्चात यसमा थप छलफल हुने।)